श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

# नेपाल निजामती कर्मचारी संगठन
**(Nepal Government Employees' Organization)**

**केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं**

**(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)**

**०८०/०८१** मितिः- २०८१/०२/०९

**९२**

**माननीय मन्त्रीज्यू,**
**अर्थ मन्त्रालय,**
**सिंहदरवार, काठमाडौं ।**

विषयः **बजेट सम्बन्धी सुझाव पेश गरिएको ।**

नेपाल निजामती कर्मचारी संगठन आम कर्मचारीहरुका पेसागत हकहितको संरक्षण एवं सम्बर्द्धन गर्दै निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, प्रभावकारी एवं गतिशिल बनाई नागरिकमैत्री सेवा प्रवाह मार्फत सुशासन कायम गर्ने उद्देश्यकासाथ विगत ३४ वर्षदेखि निरन्तर क्रियाशिल छ । यस संगठनले पेसाकर्मीका हकहितका अतिरिक्त देशमा मानव अधिकार, लोकतन्त्र, शान्ति र सुशासनको पक्षमा आफुलाई महत्वपूर्ण सहयात्रीको रुपमा उभ्याउँदै आएको छ ।

संगठनले मुलुकमा उत्पन्न भएका अति संकटपूर्ण विपत्तिमा होस् वा सशस्त्र द्वन्दको अवधिमा लामो समयसम्म जनप्रतिनिधि विहिन अवस्थामा समेत निजामती कर्मचारीहरुमा जनसेवाको भावनामा उत्साहित र विकसित गर्दै जनताको सेवा प्रवाह, महाभुकम्प, कोभिड १९ को महामारी, वाढी, पहिरो जस्ता विपत्तिमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

यस संगठनले बाह्य भूमिकाका अतिरिक्त आफ्नो आन्तरिक जीवनलाई समेत व्यवस्थित गर्दै करिव ४० हजार सदस्यहरुलाई संगठित गर्दै २०७८ फागुन २८ देखि ३०, काठमाडौंमा ११औं राष्ट्रिय अधिवेशन सम्पन्न गरेको छ भने लोकतन्त्रको सौन्दर्यको रुपमा रहेको स्थानीय तह र संघ तथा प्रदेशको आवधिक निर्वाचन २०७९ मा समेत आफ्ना सदस्यका अतिरिक्त आम कर्मचारीहरुलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भय रहित निर्वाचन सम्पन्न गर्ने दिशामा सरिक वनाउन आफ्नो भूमिकालाई केन्द्रीत गरेको छ ।

माथि उल्लेखित यावत कार्यहरु सम्पादन गर्दै मुलुकको स्थायी सरकारको रुपमा रहेको निजामती प्रशासन भित्र क्रियाशिल जनशक्तिलाई थप उत्साहित र उत्प्रेरित गरी राष्ट्रले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को लक्ष्य पूरा गर्दै नेपाललाई विकसित मुलुकको दाँजोमा पुर्‍याउने कार्यमा केन्द्रीत हुनु सरकारको प्रमुख दायित्व हो । तसर्थ सरकारले अगाडी वढाएका लक्ष्य, उद्देश्यहरु पूरा गर्न आम कर्मचारीहरुलाई उत्प्रेरित गर्ने महत्वपूर्ण माध्यम कर्मचारीहरुले पाउँदै आएका सेवा, सुविधा र कार्य वातावरण नै हुन । सरकारले तय गरेका लक्ष्य र उद्देश्यहरु पूरा गर्ने महत्वपूर्ण साधनको रुपमा रहेको निजामती प्रशासनलाई प्रेरित गर्न नेपाल सरकारबाट आ.व. २०८१/०८२ का लागि पेश हुने बजेटमा यथोचित सम्वोधन हुनका लागि संगठनको तर्फवाट माननीय अर्थ मन्त्रीज्यू समक्ष हाम्रा सुझावहरु पेश गरेका छौं । हाम्रा सुझावहरु सम्बोधन हुनेमा नेपाल निजामती कर्मचारी संगठन विश्वस्त रहेको छ ।

यस संगठनबाट मिति २०७९ माघ ९ गते उच्चस्तरीय तलव सुविधा आयोगलाई पेश गरिएको सुझाव प्रतिवेदनमा उल्लेखित विषयहरु लगायत मुख्य रुपमा देहायका विषयहरु समावेश गरियोस् ।

## <u>सुझावहरु</u>

वर्तमान तलव सुविधाले कर्मचारीहरुको न्यूनतम आधारभूत आवश्यकता समेत पूरा हुन नसक्ने भएकोले तलव सुविधामा वैज्ञानिक रुपमा पुनरावलोकन गर्न **"उच्चस्तरीय तलव सुविधा आयोग २०७९"** को प्रतिवेदन समेतलाई आधार मानी  हाल खाइपाई आएको तलब भत्ता वृद्धि गरी खाईपाई आएको महंगी भत्तालाई दोब्बर गराईयोस् ।

१. प्रथम चरणमा सबै प्रदेशस्तरमा निजामती आवास तथा निजामती अस्पताल स्थापना गर्न बजेट विनियोजन गरियोस् ।

२. निजामती अस्पतालबाट हाल निजामती कर्मचारीले मात्र आंशिकरुपमा सुविधा पाईरहेकोमा सो सुविधालाई बिस्तार गरी संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै तहका कर्मचारीका साथै अस्थायी र करारका कर्मचारीहरु समेतलाई उपलब्ध गराउने गरी सबै प्रदेशमा निजामती अस्पतालको व्यवस्था गरियोस् ।

३. निजामती अस्पतालबाट प्राप्त हुने सेवा सुविधालाई प्रदेशस्तरमा निजामती अस्पताल सञ्चालन नहुन्ञ्जेलसम्मको लागि सरकारी प्रादेशिक अस्पतालहरुबाट सेवा लिन सकिने व्यवस्था मिलाईयोस् ।

४. सरकारद्वारा अगाडी बढाइएको कालिकोटको **"फुकोट कर्णाली जलविद्युत आयोजन"**लाई "**राष्ट्रसेवक हाइड्रो"** नामाकरण गरी सवै राष्ट्रसेवक कर्मचारी तथा सुरक्षातर्फका सवै कर्मचारीहरुको शेयर लगानीबाट सञ्चालन गरियोस् ।

५. सिंहदरवारभित्रका कर्मचारीहरुको आवत जावत गर्नको लागि एकीकृत परिवहन सेवा मन्त्रालयगत रुपमा सञ्चालन भएको छ । सो परिवहन सेवालाई विस्तार गरी एकीकृत रुपमा एउटै निकायबाट सञ्चालन हुने व्यवस्था गरियोस् । कर्मचारीहरुको बढी चाप हुने स्थानहरु बिराटनगर-धरान, बीरगञ्ज-जनकपुर-राजविराज, काठमाडौ-धुलिखेल, दमौली-पोखरा, बुटवल-भैरहवा, भालुवाङ- घोराही-तुल्सीपुर, कोहलपुर -नेपालगञ्ज, धनगढी-महेन्द्रनगर जस्ता शहरहरुमा कर्मचारीहरुको सहज आवागमनका लागि एकीकृत परिवहन सेवा सञ्चालन हुने व्यवस्था गरियोस् ।

६. निजामती सेवा नियमावलीमा रहेको असाध्य रोगको परिभाषामा बिस्तार गरी क्यान्सर, मुटु, मृगौला, किड्नी, हेडइन्जुरी, पार्कीन्सन, स्पाईनल इन्जुरी, सिक्लसेल एनिमिया, हेपाटाइटिस जस्ता रोगहरु थप गरी यस्ता प्रकृतिका रोगको उपचारको लागि नेपाल सरकारबाट थप रु. १० लाख उपलब्ध गराउने व्यवस्था गराईयोस् ।

७. कुनै कर्मचारी सरकारी कामको सिलसिलामा निवृत्तिभरण पाउने अवधि नपुग्दै मृत्यु भएमा त्यस्तो कर्मचारीलाई निवृत्तिभरण पाउने अवधि पुग्न जति अवधि बाँकी छ सो अवधि थप गरी निवृत्तिभरणको सुविधा उपलब्ध गराउने व्यवस्था गरियोस् ।

८. निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनको निर्वाचन यथाशिघ्र गर्ने व्यवस्थाको लागि बजेटको व्यवस्था गरियोस् ।

९. सरकारी निकायमा कुनै पनि तह वा श्रेणीको कर्मचारी करार वा ज्यालादारीमा राख्दा नेपाल सरकारले तोकेको श्रमिकको न्यूनतम पारिश्रमिक भन्दा घटी हुने गरी काममा लगाउन नपाउने व्यवस्था गरियोस्।

१०. कर्मचारी सरोकारित सरकारी स्वामित्वका संस्था तथा कार्यालयहरुमा निजामती कर्मचारीको **"आधिकारिक ट्रेड युनियन"**को प्रतिनिधित्व सुनिश्चित गरियोस् ।

११. कर्मचारी बीमाको रुपमा रहेका कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषबाट कर्मचारीको आबास निर्माणका लागि वर्तमानमा प्रदान गरिने सहुलियत पूर्ण ऋणको आकारलाई बढाउन तथा व्याजदरमा पुनरावलोकन गरी थप सहुलियतपूर्ण बनाउने व्यवस्था गरियोस् ।

१२. कर्मचारीको पोशाक भत्ता बार्षिक रुपमा रु. १५,०००।- (पन्ध्र हजार) कायम गरी स्वदेशी कपडा उद्योगलाई प्रोत्साहन गर्दै निजामती, नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायत अन्य राष्ट्रसेवकहरुले प्रयोग गर्ने पोशाक नेपालमै उत्पादन गर्ने व्यवस्था गरियोस् ।

१३. अघिल्लो बजेटले नै आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने तथा कर्मचारीहरुमा तनाव व्यवस्थापनमा सहयोग पुगोस् भनी व्यवस्था गरेको १० (दश) दिने पर्यटन काज हालसम्म पनि कार्यान्वयनमा नआएको र प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीले पर्यटन काजको व्यवस्था उपभोगमा आएको हुँदा संघमा कार्यरत

कर्मचारीको लागि पर्यटन काजका लागि आवश्यक रकम विनियोजन गरी पर्यटन काजलाई कार्यान्वयनमा ल्याउन सुनिश्चितता गरियोस् ।

१४. कोभिड-१९ को महामारीको समयमा सरकारले गरी दिएको कोरोना बीमा वापतको बिमाङ्क रकम हालसम्म पनि कर्मचारीहरुले प्राप्त नगरेको हुँदा सो बीमा वापतको रकम यथाशिघ्र प्रदान गर्ने व्यवस्था गरियोस् ।

१५. न्यायपालिकाको आर्थिक स्वतन्त्रताको लागि न्यायिक कोष ऐन, २०४३ लाई तुरुन्त कार्यान्वयनमा गरियोस् ।

१६. संघ, प्रदेश र स्थानीय तीनै तहका निकायको कार्यक्रम, कार्यबोझ र कार्य प्रकृतिको विश्लेषणको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी वैज्ञानिक तथा व्यवहारिक ढंगले संगठन संरचना एवं दरबन्दी पुनरावलोकन गरियोस् ।

१७. सरकारी कर्मचारीलाई विद्युतीय सवारी साधन खरिदमा कर छुट दिई ३(तीन) वर्षभित्र पेट्रोलियम पदार्थवाट चल्ने सरकारी सवारी साधानहरु विद्युतीय सवारी साधनले विस्थापन गर्ने ब्यवस्था मिलाईयोस्।

१८. संघीय कार्यालयमा परियोजना, कार्यक्रमको नाममा अस्थायी दरबन्दी थप गर्ने व्यवस्था खारेज गर्ने, नियमित कामका परियोजना तथा कार्यक्रममा मौजुदा कर्मचारीबाटै खटाउने व्यवस्था गर्ने, यस्ता परियोजना तथा कार्यक्रमको कार्यालय कार्यान्वयन स्थलमा वाहेक अन्यत्र कार्यालय नखोल्ने ब्यवस्था गरियोस् ।

१९. अति कार्यवोझ भएका कार्यालयहरुको वर्गीकरण गरी त्यस्ता कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई दुई सिफ्टमा सञ्चालन गर्ने व्यवस्था गरियोस् ।

२०. सरकारी कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउँदै टोकन प्रणालीको माध्यमबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाईयोस् ।

२१. तीनै तहका प्रशासनिक निकायहरु बीच संगठनात्मक तथा कार्यात्मक समन्वय कायम गराउन मुख्य सचिवको नेतृत्वमा **"प्रशासन समन्वय आयोग"** को गठन गरियोस् ।

२२. सेवाग्राही बढी हुने कार्यालयमा कार्यालय समयलाई लचकता बनाई त्यस्ता कार्यालयमा काम गर्ने कर्मचारीलाई कार्यरत समय र कामको सूचकांकका आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गरियोस् ।

२३. सार्वजनिक सेवा प्रवाहलाई सरल, सुलभ र सहज बनाउन दुर्गम तथा पिछडिएको क्षेत्रमा एकीकृत सेवा केन्द्र स्थापना गरी सेवा प्रवाह गर्ने ब्यवस्था गरियोस् ।

२४. सेवा प्रवेशसँगै कर्मचारीलाई तालिमको सुनिश्चितता गर्न नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई प्रादेशिक स्तरमा विस्तार गरी कर्मचारीहरुलाई प्रदान गरिने सेवाकालिन तालिम तथा पुर्नताजगी तालिमलाई अनिवार्य र कर्मचारीको कार्यसम्पादनमा सुधार ल्याउने गरी सञ्चालन गर्ने व्यवस्था गरियोस्।

२५. निजामती कर्मचारीहरुको घरबिदा १८० दिन भन्दा बढी संचित हुन गएमा सो बराबरको रकम हरेक बर्षको अन्त्यमा उपलब्ध गराउने ब्यवस्था गरियोस् ।

२६. कर्मचारीहरुलाई न्यूनतम क्यालोरी तोकी बहालवाला र सेवानिवृत्त राष्ट्रसेवक कर्मचारी परिवारका लागि निजामती कर्मचारी **रासन कार्ड**को ब्यवस्था गरियोस् ।

२७. राष्ट्रसेवक कर्मचारीहरुलाई निजी आवास र सन्ततीहरुको उच्च शिक्षा प्रदान गर्न सहुलियत दरमा कर्जा उपलब्ध गराउने विषय अघिल्ला बजेटमा समाबेश भएकोमा हालसम्म कार्यान्वयन नभएको हुँदा तत्काल कार्यान्वयन गर्ने ब्यवस्था गरियोस् ।

२८. निजामती कर्मचारीहरुले पाउने ग्रेड संख्याको सीमालाई हटाईयोस् ।

२९. निजामती कर्मचारीका सन्ततीको लागि स्नातक तहको प्राविधिक शिक्षामा निश्चित कोटा छुट्टयाई नेपाल सरकारबाट खर्च व्यवस्थापन गरी अध्ययनको व्यवस्था गरियोस् ।

३०. सबै तहमा कार्यरत कर्मचारीहरु र कर्मचारी परिवारलाई पूर्ण स्वास्थ्य बीमा गर्ने व्यवस्था गरियोस् ।

३१. तीनै तहका कर्मचारीहरु बीच रहेको अनुभव, ज्ञानको स्थानान्तरण, सिकाईको आदान प्रदानलाई सहज बनाउन अन्तर तह सिकाई आदान प्रदानका लागि गोष्ठी, सेमिनार सञ्चालन गर्ने व्यवस्था मिलाईयोस्।

३२. राष्ट्रिय कितावखाना (निजामती)को अभिलेख प्रणालीलाई प्रविधिमैत्री बनाई कर्मचारीको अभिलेखलाई यथासमयमा अध्यावधिक गर्ने साथै सम्पत्ति विवरणलाई सफ्ट्वेयर प्रणालीमार्फत बुझाउन सकिने गरी प्रविधिको बिकास गरियोस् ।

३३. जोखिमयुक्त काममा खटिएका सबै कर्मचारीहरुलाई जोखिम भत्ता र फिल्डमा काम गर्ने कर्मचारीहरुलाई फिल्ड भत्ता उपलब्ध गराउने व्यवस्था गरियोस् ।

३४. एउटै प्रकृतिको सेवा दिने तथा नियमन गर्ने निकायलाई तत्काल एक आपसमा गाभ्ने व्यवस्था मिलाइयोस्।

३५. नेपाल सरकारका विभिन्न निकायमा करारमा कार्यरत कर्मचारीहरुको अनिवार्य रुपमा सामाजिक सुरक्षा कोषमा आबद्धता गराउने तथा स्थायी कर्मचारीहरुले पाए सरहको मंहगी भत्ता, चाडपर्व खर्च र पोशाक भत्ता अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था गरियोस् ।

३६. निजामती सेवा ऐन, २०४९ को दफा ७३(ख) अनुसार कर्मचारी कल्याण कोषको व्यवस्था गरी सो कोषमा कर्मचारीबाट कट्टा भएको सामाजिक सुरक्षा करको रकम जम्मा गरी कर्मचारीका लागि कल्याणकारी कार्यमा खर्च गर्ने व्यवस्था गरियोस् ।

३७. बैदेशिक तालिम, गोष्ठी, सेमिनार तथा स्वदेशी तथा विदेशी छात्रवृत्ति अध्ययनमा संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै श्रेणी वा तहका कर्मचारीहरुलाई समान अवसरको सुनिश्चितता गरियोस् ।

३८. सरकारी सुविधामा सवारी साधन पाउने पदाधिकारीलाई निश्चित समयको लागि प्रयोग गर्न चालक र मर्मतको व्यवस्था स्वयम्ले गर्ने गरी सवारी साधन उपलब्ध गराउने व्यवस्था गरियोस् ।

३९. करारमा काम गरिरहेका कर्मचारीहरुको तत्काल लगत कायम गरी कुनै कारणवाट आयोजना वा कार्यालय खारेजी वा दरवन्दी कटौती वा स्थायी कर्मचारीवाट पदपूर्ति भई विस्थापित भएमा अन्य कार्यालयमा करारमा कर्मचारी राख्दा सेवावाट बिस्थापित भएका मध्येबाट मात्र राख्ने गरी सेवा सुरक्षाको ग्यारेण्टी गरियोस् ।

४०. निजामती सेवा नियमावली, २०५० को नियम ११६(क) अनुसारको निजामती सेवा पुरस्कारको राशीलाई ५० प्रतिशत बृद्धि गरियोस् साथै सेवा पुरस्कार कार्यविधि बनाई पुरस्कृत गरियोस् ।

४१. निजामती सेवा नियमावली, २०५० को नियम ११६(ग) अनुसार कार्य सम्पादन प्रोत्साहन कोष सम्वन्धी व्यवस्था हालसम्म कार्यान्वयनमा नआएको हुँदा तत्काल कार्यान्वयन गर्ने व्यवस्था गरियोस् ।

४२. कर्मचारी जग्गा, घर आवास सहुलियत कर्जा कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरियोस् ।

लेखनाथ कोइराला
अध्यक्ष

**बोधार्थ :-**

१) श्रीमान् मुख्य सचिवज्यू, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरवार ।
२) श्रीमान् सचिवज्यू, अर्थ मन्त्रालय, सिंहदरवार ।
३) श्रीमान् सचिवज्यू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।
४) श्रीमान् सचिवज्यू, श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार ।
५) श्रीमान् अध्यक्षज्यू, पेसागत महासंघ नेपाल, राष्टिय समिति, काठमाडौं ।